**मिति २०७६।१२।१८ गते बसेको गाउँ कार्यपालिकाको आकस्मिक बैठकबाट भएका निर्णयहरु**

**निर्णय नं १**

आपूर्ति व्यवस्थापनलाई सहज बनाउन, लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा राहत प्राप्त गर्न योग्य परिवारको सिफारिस गर्न तपसिल बमोजिमको वडा स्तरीय आपूर्ति व्यवस्थापन, राहत सिफारिस तथा समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| सम्बन्धित वडाको वडा अध्यक्ष | :- संयोजक |
| वडा सदस्यहरु | - सदस्य |
| वडामा क्रियाशील दलहरुका प्रतिनिधि | - सदस्य |
| वडामा रहेको स्वास्थ्य संस्थाको प्रमुख | - सदस्य |
| वडा सचिव | - सदस्य सचिव |

**त्यसै गरी गाउँपालिकामा पालिकास्तरीय समन्वय समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| गाउँपालिका उपाध्यक्ष | - सह संयोजक |
| सबै वडा अध्यक्षहरु | - सदस्य |
| कार्यपालिका सदस्यहरु | - सदस्य |
| क्रियाशील राजनीतिक दलका प्रतिनिधि | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | - सदस्य |

**निर्णय नं २**

लक डाउनका कारण समस्यामा परेका दैनिक ज्यालादारी गरी जीवन निर्वाह गर्ने परिवारलाई देहाय बमोजिमको मापदण्डमा रही वडास्तरीय आपूर्ति व्यवस्थापन, राहत सिफारिस तथा समन्वय समितिको सिफारिसमा राहत उपलब्ध गराउने निर्णय गरियो ।

- दैनिक ज्यालादारी गरी जीवनयापन गर्ने लकडाउनका कारण चुल्हो बल्ने अवस्था नभएका अति विपन्न परिवार
- राज्यबाट कुनै पनि प्रकारको सामाजिक सुरक्षा प्राप्त नगरेको परिवार
- भूमिहीन, अशक्त र असहाय परिवार

**उपलब्ध गराइने राहत :- २० किलो चामल, २ किलो दाल, १ लिटर तेल र १ किलो नुन**

**निर्णय नं ३**

राहत वितरण गर्दा एकद्वार प्रणाली अपनाउने, राहत तथा आर्थिक सहायता उपलब्ध गराउन चाहने संघसंस्था तथा व्यक्तिहरुले गाउँपालिकासँग अनिवार्य स्वीकृति लिई गा.पा.मार्फत गर्ने निर्णय गरियो ।